**निर्णय:**

१. **आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटका सम्बन्धमा देहायबमोजिम गर्ने:**

(क) नीति तथा कार्यक्रम र बजेटबीच तादात्म्य कायम हुने व्यवस्था मिलाउने। नीति तथा कार्यक्रम र बजेटका आधारमा माइलस्टोनसमेतको तयारी गर्ने।

(ख) बजेट कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि/निर्देशिका/मापदण्ड निर्माणलगायत बजेट कार्यान्वयनसँग सम्बन्धित पूर्वतयारीका कार्यहरू असार मसान्तभित्र सम्पन्न गर्ने।

२. विभिन्न सेवा प्रदायक सरकारी निकायहरूबाट सम्पादन हुने सेवा प्रवाहलाई राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग अन्तर-आबद्धता गर्ने विषयलाई सम्बन्धित मन्त्रालय/निकायले प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले यस्तो अन्तरआवद्धताका लागि प्रक्रिया र प्रणाली मिलाउने।

३. विदेशी सरकार/संस्थासँग पत्राचारमार्फत नेपाल सरकारको आधिकारिक धारणा प्रेषित गर्दा सरोकारवाला मन्त्रालय/निकायसँग परामर्श गरी परराष्ट्र मन्त्रालयमार्फत प्रेषित गर्ने।

४. **नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयार्थ प्रस्ताव पेस गर्दा देहायका विषयहरूमा विशेष ध्यान दिने:**

(क) मन्त्रालयहरूले प्रस्तावको सबै अङ्ग र प्रक्रिया पुर्‍याई आवश्यक कागजातहरूसमेत संलग्न गरेर मात्र प्रस्ताव पेस गर्ने। प्रस्तावको भाषिक शुद्धता र गुणस्तरीयतामा गम्भिर ध्यान दिने।

(ख) नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ मा सम्बन्धित मन्त्रालय/निकायले नै निर्णय गर्न सक्ने भनी स्पष्ट व्यवस्था गरिएका विषय समेत नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तावको रुपमा आउने प्रवृत्ति देखिन थालेकाले त्यस्ता विषयहरू मन्त्रिपरिषद्मा नपठाई सम्बन्धित मन्त्रालय/निकायबाटै निर्णय गरी/गराई कार्यान्वयन गर्ने।

(ग) मन्त्रालयबाट पेस भएका कतिपय प्रस्तावहरू मन्त्रिपरिषद् समितिहरूमा विचाराधीन रहेको सन्दर्भमा मन्त्रिपरिषद् समितिका सम्बन्धित सचिवसँग समन्वय गरी त्यस्ता प्रस्तावहरू यथाशक्य छिटो छलफलमा लगी टुङ्गोमा पुर्‍याउन सम्बन्धित मन्त्रालयको सचिवले अधिकतम पहल गर्ने।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

२०८१।२।८

मुख्य सचिव